**मुख्यमन्त्री**

**कोशी प्रदेश, विराटनगर नेपाल**

# क्रिसमसको शुभकामना

इसाई धर्मावलम्बीहरूको महान् पर्व क्रिसमसको उपलक्ष्यमा स्वदेश तथा विदेशमा बसोबास गर्नुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समुन्नति, दीर्घायु र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हाम्रो देश नेपाल सनातन कालदेखि नै बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय विशेषताले भरिपूर्ण छ । हाम्रो धर्म, भाषा, संस्कृतिलगायत अक्षुण रहेका सामाजिक परम्पराले आम नेपालीबीच कायम रहेको आत्मीय प्रेम, सद्भाव, सहिष्णुता र एकता नै नेपालीको परिचय र गौरव पनि हो । कोशी प्रदेश सरकार यहाँका सम्पूर्ण भाषा, धर्म, संस्कृति, परम्परा र रीतिरिवाजको संरक्षण र संवर्द्धन गर्दै राष्ट्रिय एकता अक्षुण राख्न प्रतिबद्ध छ ।

ऐतिहासिक जनआन्दोलनको उपलब्धिका रूपमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान प्राप्त गरेका छौं । यस संविधानको रक्षा र कार्यान्वयन गर्नु हाम्रो दायित्व हो । त्यसैले संविधानको समुचित कार्यान्वयन र परिपालनबाट मात्र मुलुकको समुन्नति हुने कुरामा शंका छैन । राष्ट्रिय एकताको अभियानलाई सुदृढ बनाउने मुख्य आधार पनि संविधानको कार्यान्वयन नै हो । प्रदेश सरकार यसप्रति सदैव क्रियाशील रहनेछ ।

अन्तमा सम्पूर्ण इसाई धर्मावलम्बीहरुमा फेरि पनि हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछु ।

२०८० पौष ९ गते सोमवार

केदार कार्की
मुख्यमन्त्री